Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

नेपाल भूकम्प २०७२ अपडेट : ४६ औं दिन
मिति : ०७२ जेठ २६ गते
अन्तिम अपडेट : २२:०० बजे

मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)
मृतक : ८,७७८
घाइते : २२,३०३

## जनतालाई कृषि उपजको बीउ दिनुस् : राष्ट्रपति डा. यादव

भूकम्प प्रभावित जनतालाई सरकारले तत्कालै कृषि उपजको बीउ दिनुपर्ने राष्ट्रपति डा. रामवरण यादवले बताएका छन् । जनताले भूकम्पका कारण धेरै समस्या भोगिरहेका छन् । पहाडमा अहिले पानी नपरेर मकैका बोटहरू पहेँले भएको छ । यसले गर्दा जनतालाई राहतका लागि कोदो मकैको बीउ दिएर अर्को वर्षका लागि खाधान्न अभाव हुन दिनु हुँदैन भने उत्तरको नाका खोलेर सामानको आपूर्ति गर्नुपर्नेमा जोड दिए । भूकम्पले पुऱ्याएको क्षति गोरखाको बारपाकको दृश्यावलोकनपछि सदरमुकाम धादिङ आइपुगेका राष्ट्रपति डा. यादवले नेपाली सेनाको व्यारेकमा राजनीतिक दलका प्रमुख, कार्यालय प्रमुख र सुरक्षा प्रमुखहरू सम्मिलित कार्यक्रममा सम्बोधन गर्दै मनसुन अगावै जनतालाई सरकारले बासको प्रबन्ध गर्नुपर्नेमा जोड दिए ।

## उल्लेख्य

- तनहुँमा विनाशकारी भूकम्पबाट पूर्णरूपमा घर क्षति भएका पीडितलाई अस्थायी आवास निर्माणका लागि रकम वितरण सुरु गरिएको छ । जिल्ला प्रशासन कार्यालय तनहुँले एक नगरपालिका सहित तीन गाविसका भूकम्प पीडितका लागि अस्थायी आवास निर्माणका लागि १ करोड ७२ लाख ३५ हजार रुपियाँ निकासा गरेको प्रमुख जिल्ला अधिकारी राजकुमार श्रेष्ठले जानकारी दिए ।
- वैशाख १२ र २९ गतेको भूकम्पले भक्तपुरका अधिकांश माटाका घर भत्किएका तथा बस्ने नहुने गरी चर्किएका छन् । भूकम्प पीडित आफ्ना चर्किएका घर भत्काउने तथा भत्किएका घरको भग्नावशेस हटाउने कार्यमा लागेका छन् । जिल्लामा करिब ३ हजार घर भत्काउन निवेदन परेको र भक्तपुर नगरमा मात्रै १ हजार घर भत्काउनुपर्नेमा हालसम्म ४ सय घर नेपाली सेना र प्रहरीको सहयोगमा भत्काइसकिएको जिल्ला प्रशासन कार्यालय, भक्तपुरले जनाएको छ।
- भोजपुरको भूकम्प प्रभावित दक्षिणी क्षेत्रको गाविसमा युवाको एक टोलीले अस्थायी आवासको काम जेठ २६ गतेदेखि थालेको छ । उत्तमकुमार चापागाईको नेतृत्वमा २० जनाको टोलीले पीडितहरूलाई सुरक्षित ठाउँमा बसोबासको लागि अस्थायी टहरा बनाउन सुरु गरेको हो । टोलीमा विद्यार्थीलगायत विभिन्न सङ्घसंस्थामा आवद्ध युवा स्वयंसेवकहरू संलग्न रहेका छन् ।
- भूकम्पले गर्दा खानेपानी आयोजना र शौचालय क्षतिग्रस्त हुँदा मध्य धादिङको कुम्पुर गाविसका जनता समस्यामा परेका छन् । भूकम्पले ६० भन्दा बढी खानेपानीका आयोजना र २ हजार घरको शौचालय क्षतिग्रस्त भएको गाविसका पूर्वअध्यक्ष रङ्ग थपलियाले बताए । खानेपानीका

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

इन्टेक भत्किएकाले कुम्पुरबासीले खानेपानीको समस्या भोगिरहेको एनेकपा माओवादीका राजन खतिवडाले बताए ।

- रसुवाको हाकु गाविसका बासिन्दाहरू पहिरोको जोखिमले त्रसित भएका छन् । विनाशकारी भूकम्प र त्यसपछिको कम्पनले गाउँ चिरा चिरा भएपछि सुख्खा पहिरोले गाउँ बग्ने खतराले उनीहरू त्रसित भएका हुन् । हाकु गाविसमात्र नभई रसुवाको उत्तरी क्षेत्रको लाङटाङ, राम्चे, डाडागाउँ, ठूलोगाउँ गाविसका धेरै बस्तीहरू वर्षातसँगै बग्ने खतरा बढेपछि जिल्ला दैवी प्रकोप उद्धार समितिमा अन्यत्र सार्ने विषयमा छलफल भए पनि जिल्लामा उचित र सुरक्षित स्थान नभेटिएको सहायक प्रमुख जिल्ला अधिकारी गौतम रिमालले बताए ।
- विनाशकारी भूकम्पका कारण क्षति पुगेका भक्तपुरका सामुदायिक विद्यालय मर्मतका लागि ७२ लाख रूपियाँ अनुदान दिने दैवी प्रकोप उद्धार राहत कोषले निर्णय गरेको छ । भक्तपुरमा भूकम्पका कारण १ सय ३७ सरकारी विद्यालय मध्ये १ सय ५ ओटा विद्यालय भवनमा क्षति पुगेको छ भने १ सय ५९ ओटा कक्षा कोठा पुर्णरुपमा ध्वस्त भएको र १ सय ८० ओटा आंशिक भत्केको तथा ३ सय २८ कक्षा कोठामा सामान्य क्षति पुगेको छ ।
- नुवाकोटमा भूकम्पले विनाश गरेको एक महिनापछि मात्र जिल्लामा भूकम्पबाट ज्यान गुमाएकाको परिवारलाई किरिया खर्च र क्षतिपूर्ति रकम एकसाथ वितरण गरिएको हो । जिल्ला दैवीप्रकोप उद्धार समितिको अनुसार जेठ २६ गतेसम्म ७ सय ५० जनालाई किरिया खर्चवापतको ४० हजारका दरले ३ करोड रुपिया वितरण भइसकेको छ । नुवाकोटमा भूकम्पबाट १ हजार ८३ जनाको ज्यान गएको थियो ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline